ISSN NO . 2676–1297

# तमिलबाट नेपालीमा अनुवाद– तिरुक्कुरल

नवीन पौड्याल*

***अध्ययनसार***

*नेपाली साहित्य अनुवादको माध्यमबाट पनि धेरै समुन्नत भएको छ। अनुवादको माध्यमबाट नै नेपाली साहित्य अन्यभाषी र अन्य अन्यभाषाका पुस्तक नेपाली पाठकले पढ्न पाउँछन्। तमिल साहित्यको एक महत्त्वपूर्ण शास्त्रीय प्राचीन ग्रन्थ तिरूक्कुरललाई सुनिता दाहालले तमिलबाट नेपालीमा अनुवाद गरेकी छन्। यसमा तीन खण्ड, तेह्र वटा उपखण्ड र पैतीस वटा शीर्षकीय परिच्छेदहरू र जम्मा १३३० वटा श्लोकहरू रहेका छन्। नेपाली अनुवाद ग्रन्थमा भूमिका, मूलपाठ र अनुक्रमणिका आदि सबै मिलाएर ५८३ + ३८ गरी जम्मा ६२१ पृष्ठहरू रहेका छन्। यसमा मूल तमिल दुई पंक्तिको एकेक श्लोकलाई तमिल लिपिसँगै देवनागरी लिपिमा लिप्यान्तरण गरिएको छ भने त्यसको नेपालीमा पद्यानुवाद र टिकारूपी गद्यानुवाद गरिएको छ। मूल तमिल ग्रन्थका जम्मै श्लोकहरू नै सूक्तिमय छन् भने तिनको पद्यानुवाद र गद्यानुवाद दोहोरो अनुवाद उस्तै सूक्तिमय छन्। यसमा भावपक्ष र शिल्प पक्ष दुवैबाट अनुवादकला उत्कृष्ट छ। मूल कृतिका हरेक पंक्तिलाई मननपूर्वक अनुवाद गरिएको छ।*

**शब्दावली–** स्रोतभाषा, लक्ष्यभाषा, कुरल, तिरूवल्लुवर, नीतिशास्त्र।

**१.विषयपरिचय**

नेपाली साहित्यमा अनुवाद कार्य धेरै भएका छन्। भारतकै अन्य साहित्य र विश्वका अन्य केही साहित्य जस्तै : अङ्ग्रेजी, रूसी, चिनीयाँ, स्पेनिस, फ्रेन्च आदिबाट नेपालीमा थोरै अनुवाद भएका छन्। भारतीय साहित्यकै परिप्रेक्ष्यमा अङ्ग्रेजी हिन्दी, बंगला इत्यादि साहित्यबाट धेरै कृति नेपालीमा अनूदित छन्। यद्यपि भारतीय भाषाकै विभिन्न भाषाबाट अझै पनि नेपालीमा धेरै भाषाबाट नेपालीमा अनुवाद हुन सकेका छैनन्। सबैभन्दा बढी असमीया भाषाबाट अनुवाद भएको छन्। त्यसपछि हिन्दी बंगलाबाट भएको छन्। अझै पनि सोझै स्रोतभाषा तेलुगु, कन्नड, मलयलम, उडिया, पञ्जाबी आदिबाट लक्ष्यभाषा नेपालीमा थोरै अनुवाद भएका छन्। यसका साथै स्रोतभाषा नेपालीका कृति अन्य लक्ष्यभाषामा धेरै अनुवाद भएको छैन्। हिन्दी, बंगला, असमीया र अङ्ग्रेजीमा केही नेपाली कृति अनुवाद भएका छन्। नेपालबाट भने रूसी, चिनीयाँ आदि भाषाबाट नेपालीमा केही अनुवाद कार्य भएका छन्। यहाँ उल्लेखनीय कुरा के छ भने सामान्य गद्यमा कथा, उपन्यास आदि अनुवाद हुनु सामान्य कुरा हो भने शास्त्रीय तमिलबाट सोझै नेपालीमा एकैचोटि पद्य र गद्य दुवैबाट अनुवाद हुनु एउटा सबैभन्दा ठुलो उपलब्धि मान्न सकिन्छ। यसमा रहेको अनुवाद कला, सरस पद्यमा र त्यसको सरल भाषामा टीकानुवादसमेत गरिएको छ।

कालेबुङको बमबस्तीमा सन् १९७९ मा जन्मेकी सुनिता दाहाल भक्तिप्रसाद दाहाल र तुलसा दाहालकी जेठी छोरी हुन्। उनी सानैदेखि अलिक प्रखर, भएकीले सन् २००५ मा उत्तरबंग विश्वविद्यालयबाट राजनीतिशास्त्रमा एम. ए गरेपछि दक्षिणतिर लागिन।अन्नमलै विश्वविद्यालयबाट भाषाविज्ञानमा उनले २००७ मा एम. ए. गरेपछि भारतीय भाषा संस्थान मैसुरमा कार्यरत थिइन। उनले केही समयका लागि मैसुरको अखिल भारतीय वाक् तथा श्रवण संस्थानमा पनि पढाइन्। राष्ट्रिय अनुवाद मिसनमा सन् २००९ देखि २०१२ सम्म नेपाली भाषाको उत्थानका लागि अनुवाद गराउने काममा लागि परिन्, साथै उनले ओरिएन्टल लङम्यानको १४००० मुख्य शब्दको अङ्ग्रेजी-नेपाली फोनेटिक शब्दकोश पनि अनुवाद गरी सिध्याइन्। सन् २०१२ मा उनी बिहेवारी गरेर बंगलोरमा बस्न पुगिन। अनेपालीको, अपरिचित शहरमा

---

* लेखक पेदोङ सरकारी महाविद्यालयका उपप्राध्यापक हुन्।

बसे पनि उनले नेपाली भाषाको मोहलाई त्याग्न सकिनन्। परिवार सम्हाल्दै उनले आइ. आइ. एम. बंगलोरबाट उद्यमितामा क्र्यास कोर्स गरेर तीन वर्षसम्म आफ्नै अनलाइन एक्सपोर्टको व्यवसाय पनि चलाइन्। उनले स्यामसङ, शमी, माइक्रोसफ्टका नेपाली भाषा टेक्नोलजीमाथि पनि धेरै काम गरेकी छन्। हाल उनी आई. आई. टी. मद्रासको एआइभारत प्रोजेक्टमा नेपाली भाषाविद्‌का रूपमा कार्यरत छिन् र बङ्गलोरमा आफ्नो परिवारसँग बस्छिन्। उनका लेखहरू ब्रिटिस काउन्सिल, इन्डियन ह्युमन साइन्स कङ्ग्रेसदेखि लिएर विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन्। उनले तामिल भाषाको वेद मानिने तिरुक्कुरल पहिलो पटक तामिल मूल भाषाबाट नै नेपालीमा अनुवाद गरेकी छन्। यस अनुवादका लागि उनलाई गत ११ दिसम्बर २०२३ मा चेन्नईको राजभवनमा सम्पन्न भएको भारतीय भाषा उत्सवको समारोहमा तमिलनाडुका राज्यपाल श्री रवीन्द्रनारायण रविद्वारा विशिष्ट अनुवाद पुरस्कार प्रदान गरिएको छ।

**२.संस्कृत र नेपालीमा नीतिपरक पुस्तकहरू**

संस्कृत साहित्यमा नीतिचेतनामूलक धेरै ग्रन्थहरू प्रकाशित भएका छन्। संस्कृतका प्राचीन र मध्यकालीन युगमा पनि नीतिकाव्य रचना भएका थिए। मध्यकालमा भने पालि र प्राकृत भाषामा र आधुनिक युगमा आएर व्रज भाषा र खडीबोलीमा दोहा आदि लेखिएका थिए। रामायण, महाभारत आफैं नै नीतिशास्त्र हुन्। यसपछि विदुर नीति, चाणक्य नीति, भर्तृहरिको नीति शतक, विष्णु शर्माको पञ्चतन्त्र, 'विदुलोपाख्यान', शुक्राचार्यको 'शुक्रनीति', 'भोजप्रबन्ध', पालिभाषाको 'धम्मपद', प्राकृत भाषाको उपदेशमाला, उपदेश रसायन, प्राकृत पैगलम आदि जस्ता पुस्तकहरू उपलब्ध छन्। कालिदास, भर्तृहरि, वाणभट्ट, वररुचि आदि जस्ता संस्कृतका सर्जकहरूका नीतिमूलक पुस्तक रचिएका छन्। धेरै साधना गरेर ज्ञानले परिपक्व भएका महात्माहरूले आफ्नो ज्ञान र अनुभवलाई वाणी दिएका वस्तु नै यस्ता नीतिपरक ग्रन्थ हुन्। पालिको धम्मपद गौतमबुद्धका उपदेशहरूको सङ्ग्रह हो। यसमा संयम, वैराग्य, शत्रु-मित्र, कुल, शील आदि कुरा पाइन्छन्। जैन कविहरूका पनि नीतिकाव्य पाइन्छन्। भर्तृहरिको तीनवटा शतकमध्ये नीतिशतकलाई पनि मुख्य मानिन्छ। कबीरका 'दोहा', महर्षि तुलसीदासका 'रामचरित मानस', 'दोहावली' र 'कवितावली', पद्मनाभको 'डुंगर बावनी' (१४८६), जैनकवि ठक्कररसीको 'कृपणचरित्र', 'पञ्चेन्द्रवेलि' (१५२६), कवि छीहलको 'छीहल बावनी' (१५२७), देवीदासको 'राजनीतिक कवित्त', कवि जमालको 'जमाल दोहावली', उदयराजको 'उदैराज के दोहा', 'गुण बावनी', वाजिदका 'गुण उत्पत्तिनामा', 'ग्रन्थ प्रेमनामा', 'ग्रन्थ गरजनामा', 'साखी वाजिद', जैन कवि बनारसीदासकै 'तेरह काठिया', 'नवरत्न कवित्त', 'वैद्यादि के भेद', कवि नरहरिका 'रत्नमणि मंगल', 'छप्य नीति', 'कवित्त सङ्ग्रह', वृन्द कविको 'वृन्द सतसई', कवि घाघको 'नीतिविषयक लोकोक्ति', कविराज बांकीदासका 'नीति मञ्जरी', 'वचन विवेक पच्चीसी', 'चुगलमुख चपेटिका', 'मावडिय मिजाज', 'कृपण दर्पण', 'दोह दर्शन', 'धवल पच्चीसी', 'कृपण पच्चीसी', 'संतोष बावनी', कवि बुधजनको 'बुधजन सतसई', दीनदयाल गिरिको 'दृष्टान्त तरङ्गिनी', 'अन्योक्ति कल्पद्रुम' आदि जस्ता संस्कृत र उत्तरसंस्कृत कालका नीतिकाव्य हुन्। यसमा बावनी, सतसई, पच्चीसी आदि अङ्कमा आधारित श्लोकसङ्ग्रह हुन्। यद्यपि तिरूक्कुरल जति विशाल र व्यापक कोटी, सम्पूर्णतया नीतिले भरिएको ग्रन्थ भने संस्कृतमा पनि पाइन्न।

नेपालीमा साहित्यमा शिखरनाथ सुवेदी, लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल आदिका केही पुस्तकमा यस्ता सूक्तिमय काव्य पाइन्छन्। तर नेपालीमा पनि नगन्य बराबर नै छन्। नेपाली साहित्यमा नैतिक ज्ञान उपदेशमूलक केही पुस्तकहरू प्रकाशित भएका छन्। हितोपदेश मित्रलाभ जस्ता केही पुस्तकहरू देखिए। तमिलमा त पहिलो शताब्दीमा नै यस्ता साहित्य लेखिसकिएको थियो। यद्यपि नेपालीमा यस किसिमको पुस्तकको प्रकाशन थोरै नै हुन्। हीनव्यारकणी विद्यापतिको नीतिशतक पनि उल्लेखनीय छ।

**३.तिरुक्कुरल पुस्तक परिचय**

नेपालीमा सोभै स्रोतभाषा तमिलबाट अनुवाद भएका थिएनन्। सन् २०२२ मा सुनिता दाहालले अनुवाद गरेको तमिल कृति तिरूक्कुरलको नेपाली अनुवाद प्रकाशित भएको छ। यो मूलमा पद्यमा रहेको छ भने नेपाली अनुवाद पनि

पद्यमा नै रहेको छ। यो कठिन कार्य गर्न दाहालले धेरै मेहनत गरेकी हुन्। सुनिता दाहालको तिरूक्कुरल मूल ग्रन्थका बारेमा आर. चन्द्रशेखरन, डा. दिवाकर प्रधान र अनुवादक स्वयम्ले भूमिकामा प्रकाश पारेका छन्। यस ग्रन्थको नेपालीलगायत कन्नड, मणिपुरी, तेलुगु, पञ्जाबी, गुजराती, मलयालम, संस्कृत, उर्दू उडिया र हिन्दीमा पनि अनूदित भएका छन्। यो ग्रन्थ भारतीय र विदेशी गरी चालिस वटा भाषामा अनुवाद भएको छ।

सुनिता दाहालद्वारा अनुवादमा केही विशेषता परिलक्षित हुन्छन्। यसका मूललेखक तमिल कवि तिरूवल्लुवर हुन्। यसमा तमिल लिपिमा नै मूल पाठ, त्यसको देवनागरी लिप्याङ्कन, नेपालीमा पद्यानुवाद र फेरि गद्यानुवाद गरिएको छ। यसकारण यसमा तमिलबाट पद्य र गद्य गरी दोहोरो अनुवाद गरिएको छ। नेपाली पाठकका निम्ति तमिलको त्यही लिपिको मूल पाठ र त्यसको देवनागरी लिपिमा लिप्यान्तरले उत्ति महत्त्व हुँदैन। यद्यपि पद्यानुवाद र भावार्थका रूपमा गद्यानुवाद गरिएको छ। यसो हुँदा नेपाली पाठकका निम्ति दुईतर्फी अनुवादले कृतिको अध्ययन मनन गर्न सक्छन्। सम्भवतः सोझै तमिलबाट नेपालीमा अनुवाद भएको पहिलो कृति यही हुनुपर्छ। यसका साथै गद्यानुपद र पद्यानुवाद दुवैको एकै ठाउँमा अनुवाद भएको पनि यही हुनुपर्छ। यसमा मूल तमिल पाठ, त्यसको पद्यानुवाद र त्यसको टिका पनि पाइन्छ। यसले गर्दा मूल पाठको लयात्मक रूपमा पद्य र त्यसको पनि गद्यमा अर्थ खोलिएको छ।

प्रस्तुत पुस्तकमा अग्रभूमि, प्राक्कथन, अनुवादकको मन्तव्य गरी तीनवटा भूमिका अङ्ग्रेजीमा पाइन्छ। यस पुस्तकको सम्पादन सल्लाहकार समिति यस प्रकारले रहेको छ। यसका मुख्यसम्पादक प्रो.आर चन्द्रशेखरन, सहसम्पादक मण्डलीमा डा.टी साराभनन्, डा.के जयकुमारी, डा एम नागराजन, पदम पराजुली र डा लेखनाथ पाठक। यीमध्ये पदम पराजुली र डा.लेखनाथ पाठकले सुनिता दाहालको अनुवादकार्यमा नेपाली भाषाको आवश्यक सम्पादन संशोधन गरेका हुन्। यसमा आर.चन्द्रशेखरनले तिरुक्कुरल एक पारिचायिक भन्ने भूमिकामा यसको महत्त्व, विशेषता र मूल वस्तुलाई अङ्ग्रेजीमा लेखेका छन्। नेपाली भाषा पाठकका निम्ति यो ज्ञानवर्द्धक र उपयोगी छ। यसै गरी काशी हिन्दू विश्वविद्यालयका प्रो. दिवाकर प्रधानले एक सारगर्भित भूमिका लेखेका छन्। त्यस भूमिकामा डा. प्रधानले द्रविड भाषा परिवारको इतिहास, तमिल भाषा र साहित्यको सङ्क्षिप्त इतिहास र विकासका अवस्था, तमिल भाषाबारे सङ्क्षिप्त चर्चा र अनुवादको कठिनाइबारे प्रकाश पारिएको छ। यसै गरी अनुवादककै तर्फबाट दुई शब्दमा अनुवादकले तमिल भाषा, यसका स्वर र व्यञ्जन वर्ण परिचय, मूल तिरूक्कुरलको इतिहास, महात्मा तिरुक्कुरलको जीवनी र व्यक्तित्व, अनुवाद गर्दाका समस्या परेको कुरा उल्लेख गरिएको छ। माथिका भूमिकाहरू पढेपछि मात्र नेपाली पाठकले पुस्तकभित्र प्रवेश गर्न मद्दत पुग्नेछ, सहयोग हुनेछ।

**४.अनुवादको कठिनाइ**

तमिलबाट नेपालीमा अनुवाद गर्नु कठिन कार्य हो। यसमा नेपाली र तमिलको भाषिक, सामाजिक, सांस्कृतिक, भौगोलिक ऐतिहासिक भिन्नता र अन्तरालहरू रहेका छन्। यसमा तमिल स्रोतभाषाबाट नेपाली लक्ष्यभाषामा ल्याउँदा अनुवादकलाई यस्ता धेरै किसिमका समस्या आइपरेका हुनन्। स्रोतभाषाको भाषिक सम्प्रेषण दिन विभिन्न तहमा अन्तराल रहेका छन्। निम्नअनुसारका अन्तराल रहेका छन्- भाषिक अन्तराल, सांस्कृतिक अन्तराल र साहित्यिक अन्तराल। यसमा पनि भाषिक अन्तरालमा ध्वन्यात्मक र लेख्य अन्तराल, अर्थगत शब्दगत अन्तराल, वाक्यात्मक अन्तराल र प्रयोगात्मक अन्तराल। (बलराम अधिकारी, अनुवाद सिद्धान्त, नेप्रप्र, २०७७, पृ. ११८)।

यसमा तमिल र नेपाली दुई भिन्नाभिन्नै भाषिक परिवारका भाषा हुन्। प्रथमतः तमिल र नेपाली स्वनिम र वर्ण मिल्दैनन्। तमिलमा उच्चारण हुने स्वनिमहरू नेपाली र देवनागरी वर्णमा समेटिन सक्दैनन्। तमिलमा बेसी तालव्य र उच्छिप्त वर्ण हाम्रोमा छैनन्। तमिल शब्दको बनोट अर्कै ढाँचाको हुन्छ, जो हाम्रोमा जस्तो हुँदैन। तमिल भाषीले उच्चारण गर्ने पद्धति नै भिन्नै हुन्छ। उनीहरूले अङ्ग्रेजी बोल्दासमेत तमिल उच्चारणसरह बेग्लै हुन्छ। यसबारे भूमिकामा डा.दिवाकर प्रधान र अनुवादक स्वयम्ले नै प्रकाश पारेका छन्। डा.प्रधानका अनुसार' तमिलका कतिपय उच्चारण नेपाली वर्णमालाले नभ्याउने हुँदा वैकल्पिक वर्ण प्रयोग गरेकी छन्। तमिलका कतिपय शब्द नेपाली र संस्कृतमा पनि

नपाइँदा जस्ताको तस्तै राखेकी छन्"। अनुवादक स्मयले अनुवाद गर्दा आइपर्ने समयहरूलाई चारवटा बुँदालाई अघि सारेकी छन्-

क. तमिलका उच्चारण अनुसारको नेपाली वर्णमालाले नभ्याउने हुँदा मूल तमिल उच्चारणको ठिक वर्ण र त्यसका वैकल्पिक वर्णको प्रयोग गरिएको छ।

ख. तमिलको पद्यानुवाद गर्दा छन्द र त्यसको मात्रा नखल्बलियोस् भनेर नेपालीको वर्तनी प्रयोगमा जानीजानी वैकल्पिक मार्ग अवलम्बन गरिएको छ। जस्तै ह्रस्व-दीर्घ, संयुक्त वर्ण आदि छन्दका मात्राअनुसार प्रयोग गरिएको छ।

ग. कतिपय तमिल शब्दको समानार्थक शब्द नेपालीमा नपाइने हुनाले तमिलमा जस्तो छ मैले उस्तै राखिएको छ। शब्द शव्द मडल्, अनिच्च, फूल जस्ता शब्दहरूका नेपालीमा समानार्थी शब्द पाइँदैनन्। यसो हुनमा नेपाली समाजमा मडल चड्ने प्रथा नभएर हुन सक्छ।

घ. तिरुक्कुरलको छन्द अति नै छोटो हुनाले यसको शाब्दिक अनुवाद भाव व्यञ्जनाका लागि अपर्याप्त हुनेझैं लागेर अनुवादकले यथासम्भव भावानुवाद गर्ने प्रयास गरिएको छ। तिरुक्कुरलको अनुवाद अन्य भारतीय तथा विदेशी भाषाहरूमा भइसकेको छ। कुनै पनि काव्यको अनुवाद गर्दा अनुवादकर्तामा भाषाज्ञान र सुझबुझअनुसार भावव्यञ्जनामा भिन्नता आउनु स्वाभाविक कुरा हो।

**५.मूल तिरूक्कुरल ग्रन्थको परिचय**

विकिपियाका अनुसार तिरुक्कुरल, तमिल भाषामा लिखित एक प्राचीन मुक्तक काव्य रचना हो। यो ग्रन्थ भारतीय ज्ञानमिमांसा र तत्त्वमिमांसाको प्रारम्भिक प्रणालीहरूको एक मानिन्छ। यसलाई तमिल वेद, द डिभाइन बुक भनेर यसको प्रशंसा गरिएको छ। यसका रचयिता महात्मा तिरूवल्लुवर थिए। उनी वर्तमान तमिलनाडुको मयिलापुरका बासिन्दा थिए। यसका रचनाकाल भने निश्चित छैन। कसैले यसको रचनाकाल इसापूर्व दोस्रो शताब्दीदेखि लिएर इसाको छैटौं शताब्दी हुन सक्छ भनेका छन्। तिरूवल्लुवरबारे विभिन्न किसिमका किंवदन्ती छन्। लण्डन विश्वविद्यालयको स्कुल अफ ओरिएन्टल एण्ड अफ्रिकन स्टडीजको प्राङ्गण र चेन्नैइको एउटा मन्दिरभित्र उनका प्रतिमाहरू स्थापना गरिएका छन्। यसको सूत्र या पद्य, जीवनको हरेक पक्षको स्पर्श हुन्छ। यो नीतिशास्त्रको एक महान् रचना हो। यसमा सात शब्दको जम्मा १३३० कुरल सामेल छन्। कुरल भनेको चार र तीन शब्दको युग्मक हो। यस पाठको क्रमशः पुण्य (अराम), धन (पोरुल) र प्रेम (इनबम) विषयमा कामोद्दीपक शिक्षाका साथै तीन पुस्तकमा विभाजित गरिएको छ। नैतिकता र नैतिकतामा लेखिएको यस ग्रन्थलाई अहिलेसम्मको सबैभन्दा महान् मानिन्छ। यो सार्वभौमिकता र धर्मनिरपेक्ष प्रकृतिका निम्ति उल्लेखनीय मानिन्छ। नैतिक, सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक, दार्शनिक अनि आध्यात्मिक क्षेत्रहरूमा यसको प्रसङ्ग, प्रशंसा र बढी उद्धृत गरिन्छ। यस ग्रन्थको प्रभाव र लोकप्रियता निकै उच्च स्थानमा रहेको छ ( मुक्त ज्ञानकोश विकिपीडियाबाट साभार)।

कुरल पाठ भारतीय ज्ञानमीमांसा र तत्त्वमीमांसाको प्रारम्भिक प्रणालीहरूमा एक विशिष्ट मानिन्छ। पारम्परिक रूपमा "तमिल वेद" र "द डिभाइन बुक" सहित वैकल्पिक शीर्षक र वैकल्पिक शीर्षकका साथ कुरलको प्रशंसा गरिएको पाइन्छ। यसले एक व्यक्तिको गुणको रूपमा अहिंसा और नैतिक शाकाहारी भोजनका निम्ति जोड दिएको छ। यसका अतिरिक्त यसमा सच्चाई, आत्म-संयम, कृतज्ञता, आतिथ्य, दयालुता, पत्नीको भलाई, कर्तव्यबोध आदिबारे धेरै प्रकाश पारिएको छ। यसरी नै यसमा सामाजिक र राजनीतिक विषयहरूको एक विस्तृत शृङ्खलाको बारेमा प्रकाश पार्दछ। जस्तो कि राजा, मन्त्री, कर, न्याय, किल्ला, युद्ध, सेनाको महानता र सैनिक सम्मान, दुष्टका निम्ति मृत्युदण्ड, कृषि, शिक्षामा जोड दिने, मदिरापान र नशिला पदार्थहरूबाट टाढा रहनु आदि जस्ता शिक्षा दिइएको छ। यसमा मित्रता, प्रेम, यौनसम्बन्ध र घरेलु जीवनबारे पनि एक अध्याय समावेश छ।

तिरूक्कुरलमा तीन खण्ड धर्म खण्ड, अर्थ खण्ड र काम खण्ड रहेका छन्। धर्मखण्डमा प्रस्तावना, गृहस्थ धर्म, सन्यास धर्म र भाग्य गरी चारवटा उप-उपखण्ड रहेका छन्। यी चारवटा शीर्षकका दशवटा श्लोकका कविता छन्। प्रस्तावना खण्डमा शीर्षकहरू ईश्वर स्तुति, वर्षाको महत्त्व, सन्यासीको महिमा, धर्मको सफलता हुन्। गृहस्थ-धर्म उपखण्डका शीर्षकहरू गृहस्थ धर्म, जीवनसँगिनीको गुण, सन्तान प्राप्ति, प्रेम भाव, अतिथि सत्कार मिठो बोली, कृतज्ञता न्यायशीलता, संयमशीलता, शिष्टाचार, परस्त्री लोलूपता, सहनशीलता, ईर्ष्या निवृत्ति, लोभ त्याग, परनिन्दा नगर्नु, व्यर्थ प्रलाप नगर्नु, कुकर्मको भय, परोपकार, दान र कीर्ति गरी बिसवटा शीर्षकका कविता रहेका छन्। सन्यास धर्म उपखण्डभित्रका शीर्षकीय कविताहरू हुन्- दया भावना, मांसाहार निषेध, तपस्या, मिथ्याचार, चोरी नगर्नु, सत्य, क्रोध नगर्नु, अर्काको अनिष्ट गर्नु, अहिंसा, अस्थिरता, सन्यास, तत्त्वज्ञान, तृष्णा दमन गरी तेह्र वटा र भाग्य उपखण्डमा एउटै प्रारब्ध भन्ने शीर्षकको कविता रहेको छ।

भाग २ अर्थ खण्डभित्र शासन विधान, सामन्त, दुर्ग प्रकरण, खाद्य, सैन्य प्रकरण, मैत्री र वंश गरी सातवटा उपखण्ड रहेका छन्। यसको शासन विधान उपखण्डअन्तर्गतका शीर्षक कविताहरूमा राजाको गुण र कर्म, शिक्षा, अशिक्षा, श्रवण, बुद्धिमता, दोष निवारण, सत्सङ्ग लाभ, कुसङ्गतबाट बाँच्नु, सोचेर काम गर्नु, शक्ति ज्ञान, समयको उचित ज्ञान, उपयुक्त स्थान छान्नु, परख राखेर विश्वास गर्नु, कार्यक्षमताको जाँच, बन्धुवान्धवको भलो गर्नु, अविस्मरण, शासन धर्म, निरङ्कुश शासन, कोमल दण्ड व्यवस्था, दया भावना, गुप्तचर व्यवस्था, कार्य तत्परता, आलस्य त्याग, उद्यमशीलता, बाधाहरू आइलाग्दा विचलित नहुनु। यसैगरी सामन्त उपखण्डभित्रका शीर्षकीय कविताहरू हुन्- मन्त्रीको स्वभाव, वाक्पटुता, कर्म शुद्धि, कार्य दक्षता, कार्य प्रणाली, दूत, राजाको सम्पर्कमा, आचरण, भावज्ञाता, सभा ज्ञान, भामा निर्भीकता आदि। दपर्ग प्रकरण उपखण्डभित्रका शीर्षकीय कविताहरूमा देश र दुर्ग मात्र रहेका छन्। यसैगरी खाद्य उपखण्डभित्र वित्त सञ्चय गर्ने विधि गरी एउटा मात्र शीर्षकीय कविता रहेको छ। सैन्य प्रकरण उपखण्डभित्र सैन्यको महत्त्व र सैन्य शक्ति गरी दुई वटा रहेका छन्। मैत्री (मित्रता) उपखण्डभित्र रहेका शीर्षकीय कविताहरू हुन्- मित्रता, मित्रताको परख, चिरस्थायी मित्रता, मित्रताहीनता, भ्रूटो मित्रता, मूढता, अहङ्कारयुक्त तुच्छ बुद्धि, विभेद, शत्रुताको प्रभाव, शत्रुशक्तिको ज्ञान, आन्तरिक शत्रु, ठुलाहरूको अपमान गर्नु, नारीको वशमा नहुनु, वेश्या, मद्यपान निषेध, जुवा नखेल्नु, औषधी रहेका छन्। वंश उपखण्डभित्रका शीर्षकीय कविताहरूमा कुलीनता, स्वाभिमान, महानता, सर्वगुण सम्पन्नता, शिष्टाचार, निष्फल धन, लज्जा भाव, वंश चलाउने रीति, कृषि, दरित्रता, भीख माग्नु, भीख माग्नु डर मान्नु, नीचता आदि रहेका छन्।

भाग ३ अन्तर्गत काम खण्डमा गुप्त प्रेम, पतिव्रत्य, गरी दुईवटा उपखण्डहरू रहेका छन्। गुप्तप्रेमभित्रका शीर्षकीय सूक्तिहरूमा सौन्दर्यको पीडा, सङ्केतबाट हृदयका भाव बुझ्नु, मिलनको सुख, सौन्दर्यको प्रशंसा, प्रेम प्रशंसा, लज्जा अतिक्रमण, अपवाद रहेका छन्। यसै गरी पतिव्रत्य उपखण्डभित्र रहेका सूक्तिमय कविताहरूमा विरह वेदना, विरहिणीको विलाप, व्याकुलताले क्षीण भएका आँखा, वियोगमा पहेंलो भएको जनाउनु, विरह वेदनाको वर्णन, स्मरणमा विलाप गर्नु, नायिकाद्वारा स्वप्नमा प्रियदर्शनको वर्णन, सन्ध्या दर्शनबाट व्यथित हुनु, अङ्ग कान्तिको नाश, हृदयप्रतिको कथन, मान भङ्ग, प्रियको उत्कण्ठा, भावानुभूति, मिलनको उत्कण्ठा, हृदयसितको अनुयोग, रिसाएको भान गर्नु, भ्रूटो रोष, रिसाउनमा आनन्द रहेका छन्।

ग्रन्थको अन्त्यमा पद्य अनुक्रमणिका रहेको छ जसबाट सूक्तिमय कविताको अनुक्रम गरी तिनको पृष्ठसङ्ख्या दिइएको छ। नेपाली साहित्यमा लेखनाथ पौड्यालका सत्यसन्देश र ऋतुविचार आदि काव्य पढ्दा पाइने सूक्तिमय ज्ञान र शिक्षा पाइए जस्तै यस तिरूक्कुरलका जम्मै श्लोक उस्तै सूक्तिमय छन्। जीवनका हरेक मोड, व्यावहारिक ज्ञान सबै कुराको शिक्षा दिने खालका सूक्ति पाइन्छन्। यसको अध्ययन गर्नाले प्राचीन तमिल समाजको सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, नैतिक, राजनैतिक र ऐतिहासिक कुराहरूको ज्ञान हासिल हुँदैछ। इस्वीपूर्णका मुख्य पाँचौं शताब्दीदेखि पहिलो शताब्दीसम्मको युगलाई सङ्गम काल भनिन्नछ। यस सङ्गम कालको तेस्रो प्रहरको दोस्रो वा पहिलो शताब्दी इस्वीपूर्वलाई यस तिरूक्क्ल ग्रन्थको रचना काल मानिन्छ। यद्यपि यसबारे यकिन गरेर भन्न सकिन्न।

तिरूक्कुरल भनेको तिरूवल्लुवरद्वारा रचित कुरलहरूको सङ्ग्रह हो। कुरल भनेको छोटा छोटा दुई पंक्तिका श्लोक हो। जसरी हाम्रामा युग्मक हुन्छ ठिक त्यस्तै खालको छोटा छोटा दुई पंक्तिबद्ध मुक्तक हो। यस तिरूक्कुरलमा प्रत्येक कुरल अलगअलग भए पनि यो एक प्रकारको क्रमसूत्रमा बाँधिएको छ र एउटा अध्याय अर्को अध्यायसँग जोडिएको हुन्छ। अतः यो एउटा नीतिज्ञानले गाँसिएको मालाझैं लाग्छ"। (अनुवादकको तर्फबाट दुई कुरा)

**६.अनुवाद पद्धति**

काव्य अनुवादअन्तर्गत यसमा भाव पक्ष र शिल्प पक्षबाट अनुवाद गरिएको हुन्छ। यस अनुवाद ग्रन्थ तयार पार्दा भाव पक्ष केन्द्रित रहेको छ। यसको मूल वस्तु नै भाव पक्ष हो। यसमा शब्दानुवादबाट प्रवेश गर्दै भावानुवाद गरेका छन्। कतै सारानुवाद कतै व्याख्यानुवाद सबै किसिमका अनुवाद पद्धति अपनाइएको छ। यस ग्रन्थको उद्देश्य नै नीतिशिक्षा रहेको छ। अनुवादकले तमिल शब्दको नेपाली पर्यायका शब्दहरू पाउनु पनि निकै कठिनाइ भोग्नुपरेको थियो भन्ने लाग्छ। अनुवादकका कठिनाइबारे उनी आफैंले नै प्रकाश पारेकी छन्। यद्यपि प्राचीन तमिल काव्यको नेपालीमा काव्यानुवाद गर्नु साँच्चै एउटा गुरु गम्भीर्य र चानकुने कुरा होइन्। कवित्वको प्रतिभा नहुनेले यस कठिन कार्य सम्पन्न गर्न सक्दैन। प्रस्तत शीर्षकहरू अध्ययन गर्दा मात्र पनि यस ग्रन्थमा रहेका विषयवस्तु र अभीष्ट बुझ्न सकिन्छ। यसमा जीवनका व्यावहारिक ज्ञान, साम दाम दण्ड भेद, धर्म, नीति सबै कुरा जान्न सकिन्छ। यसको पहिलो अध्यायको पहिलो तमिलको पहिलो श्लोक यस्तो छ-

**उदाहरण –१**

मूल तमिल कुरल (श्लोक)

अहर मुदल ऐककुत्तेल्लाम् आदि

पहवन् मुदट्रे उलहु

यसको नेपाली पद्यानुवाद यसरी गरिएको छ-

अ अक्षर छ सकल अक्षरहरूको मूल आधार

उसरी नै सकल विश्वका छन् भगवान् जगताधार।

यसरी यसको टीकाका रूपमा गद्यानुवाद यस्तो छ-

'सबै अक्षरहरू अ बाट सुरू भएझैं, सबै लोकको आरम्भ भगवान्‌बाट उत्पन्न भएको छ'।

**उदाहरण –२**

निल्लाद वट्रै निलैयन ऐन्डूणरूम्

पुल्लरि वाण्मै कडै

यसको नेपाली पद्यानुवाद यस्तो छ-

यस जगको नाम नाम रूपलाई स्थिर सम्झन्छन् जो इन्सान

मन्द बुद्धि छ भ्रमित गर्छ उनलाई यो अधम ज्ञान।

यसको गद्यानुवाद यस्तो छ-

अस्थिर वस्तुलाई स्थिर सम्झनु तुच्छ बुद्धिको पराकाष्ठा हो। उनलाई यो अस्थिर ज्ञानले भ्रमित गर्छ।

**उदाहरण -३**

ओककुक्काराक् कोककह ओरूवन्तन् नेञ्जत्तु

अककुक्कुर इलाद इयल्चु

यसको पद्यानुवाद यस्तो छ-

सदाचार सत्यपथमा छन् आचारवान् विद्वान्

पर सन्ताप र ईर्ष्याको छैन मनमा भान ।

यसको टीकानुवाद

जो मानिस आफ्नो मनबाट ईर्ष्या हटाई सात्त्विक जीवन बिताउँछन्, उनको जीवन गुणले पूर्ण मानिन्छ। (कुरल सङ्ख्या १६१, पृ. ६७)।

**उदाहरण - ४**

कऩविनुम् इनूनादु मनूनो विनैवेर

चोल्वेऱ पट्टार् तोडर्वु ।

कथनी करनीमा छ अन्तर जसको भन्छन् केही गर्छन् विपरीत

सदा त्याज्य छ सपनामा पनि यिनको दुखदायी प्रीत ।

जसको कथनी (बोली) र करनी (काम गराइ) मा अन्तर छ अर्थात् मुखले एउटा कुरा गर्छन् र कामले अर्को गर्छन् यस्ता व्यक्तिको मित्रता स्वप्नमा पनि दुःखदायी हुन्छ ।

**उदाहरण -५**.

एववुम् सेयूहलाऩ तानूतेरान् अव्वुयि

पोओम् अककवुमोर् नोय् ।

पद्यानुवाद-

सम्झाउँदा ध्यान नदिने, नसम्झिन्छन् आफैंआफ,

मरणकालसम्म जीवन उनको रहन्छ रोग अभिशाप ।

अब यसको टीकानुवाद

जो आआफ्नो लागि हितकर कार्य अरूले सम्झाउँदा पनि गर्दैनन् र स्वयम् पनि आफ्नो हित सम्झँदैनन्, त्यस्ता व्यक्तिको प्राण मृत्यु-पर्यन्त एक रोग रूप झैं रहन्छ। अर्थात् यस्ता व्यक्ति जीवनभरि नै दुःख भोगिरहन्छन् (कुरल सं. ८४८, पृ. ३४३) ।

यसमा रहेका १३३० वटा श्लोकहरू जम्मै यस्तै सूक्तिमय छन् । पाठकका निम्त ज्ञानवर्धक, शिक्षावर्धक र मनोरञ्जक छन् । सबै श्लोकहरू नै व्यवहारिक जीवनमा काम लाग्ने, नैतिक सन्देश दिने, कार्य निपुणता सबैकुरामा शिक्षा दिइने पाइन्छन् ।

यसअघि नेपालीमा यस्तो किसिमको अनुवाद श्रीमद्भगवद्गीताको संस्कृत श्लोक, पद्यानुवाद र टिका पनि दिइएको पाइन्छ। यद्यपि तमिलबाट यसरी गद्य र पद्य दुवैमा अनुवाद भएको पाइएको थिएन। अनुवादमा पनि जम्मा १३३० वटा तमिल श्लोकको नेपाली पद्यानुवाद र त्यसको गद्यानुवाद गरिएको छ। यी १३३० वटा तमिल श्लोकहरू जम्मै सूक्तिमय छन्। यी जम्मै सूक्तिलाई नेपालीमा पनि आकर्षक र रोचक ढङ्गबाट सूक्तिमय बनाइएको छ। यी सूक्तिमय पद्यानुवाद पढ्दा मात्रै पनि नेपाली पाठकलाई आनन्द दिन्छ। अनुवाद गर्दा तमिल शब्द, त्यसका गूढार्थ, त्यसका अर्थगत परिवेश र सन्दर्भ जम्मैलाई, सामाजिक सांस्कृतिक अर्थ आदिलाई ध्यान राखिएको छ। यसमा तमिल जगत्का आन्तरिक कुराहरू जस्तै सांस्कृतिक, नैतिक, सौन्दर्य, सामाजिक, आर्थिक, जीवनशैली आदि सबै पक्षहरूसित धेरथोर जानकारी पाइन्छ।

यसमा अनुवादकको समेत सिर्जना शक्तिको प्रयोग भएको छ। लगभग दुई हजार वर्षअघिको तमिल भाषाको एक गुरुग्रन्थलाई नेपालीमा त्यही पनि पद्य र गद्य दुवैमा अनुवाद गर्नु पनि सिर्जना नै हो। दुई भिन्नाभिन्नै समाजको सांस्कृतिक परिवेशलाई ध्यानमा राखेर अनुवाद गर्नु कष्टसाध्य कार्य हो। यसमा अनुवादकको कवित्व शक्ति, शब्द सामर्थ्य, बोध सामर्थ्य, अभिव्यक्ति सामर्थ्य नभई यो काम सिद्ध हुन सक्तैन। कवित्व शक्तिका आधारमा भन्नुपर्दा पनि अनुवादक सुनिता दाहालले मूल कृतिको भावलाई जतिसक्दो समेटेकी छन्। शब्द सामर्थ्यका प्रसङ्गमा पनि यसमा दुई भिन्नाभिन्नै भाषिक परिवारका भाषाहरूको शब्दढुकुटीभित्रका शब्दहरूको कलात्मक रूपमा चयन गर्नु कम चुनौतीपूर्ण काम भएको छैन। तमिलको प्राचीन नीतिकाव्यभित्रका भाव, अर्थ, ऐतिहासिकता सामाजिक पौराणिक, राजनैतिक सन्दर्भ र पृष्ठभूमिका आधारमा बोध गरी तिनको अर्को समाजको भाषामा अनुवाद गर्ने कठिन कार्य सम्पन्न भएको छ। यसमा अभिव्यक्ति कला पनि कुशल छ। अनुवादकलाई तमिलको छोटाछोटा वाक्य भएका कुरलहरूलाई नेपाली पद्यमा नै अनुवाद गरिएको छ। यसमा नेपालीमा त्यति छोटा वाक्यमा त्यति कुरा अभिव्यक्त हुन नसक्ने हुँदा स्वतन्त्र तर लयबद्ध र अन्त्यानुप्रासयुक्त युग्मक रचिएको छ। यसमा शब्दहरूको जतिसक्दो समान मात्रा मिलाउने प्रयास गरिएको छ। कुरलमा माथिल्लो पंक्तिमा चार चार र तल्लो पंक्तिमा तीन तीन मात्रा रहन्छन् भने यति सात मात्रामा नेपालीमा नीतिशास्त्रको ग्रन्थका भाव र आशयलाई थेग्न सक्दैनन्। यसो हुँदा अनुवादकले लयबद्ध र प्रायः सोह्र वटा मात्रामा लेखेकी छन्। कतै शाब्दिक स्थानगत र परिवेशगत चलन र विचलन पाइन्छन्। दुई दुई पंक्तिको एक श्लोकहरू पनि परस्परमा शृङ्खलाबद्ध रहेका छन्।

यस अनुवादमा अनुवादकले शब्दानुवाद र भावानुवाद दुवै गरेको पाइन्छ। तमिल शब्दको नेपाली पर्याय शब्द पाउन पनि कठिन पर्दछ। तमिल ध्वनि र नेपाली ध्वनि पनि मिल्दैनन्। तमिलमा धेरैजसो ताडित ध्वनिहरूको आधिक्य हुनाले त्यस्ता ध्वनिलाई उतार्न नेपालीमा त्यसका समतुल्य ठिक ध्वनि नभएर त्यसको समवर्णको प्रयोग गरिएको पाइन्छ। यसमा मूल तमिल शब्द र कवित्वभित्रको ध्वनिगत अर्थलाई आत्मसात् गरर तिनको पद्यानुवाद गरिएको छ।

**७.निष्कर्ष**

नेपाली साहित्यमा अन्य विभिन्न देशी विदेशी भाषाहरूको अनुवाद कार्यहरूको सूचि लामो रहेको छ तर तमिलबाट नेपाली कृति भने पाइएको थिएन। यस काममा सोभै स्रोतभाषाबाट नेपालीमा लक्ष्यभाषामा अनुवाद भएको तिरूक्कुरल पहिलो कृति हो। दुई भिन्नाभिन्नै भाषिक परिवारका भाषाहरूमा यसरी अनुवाद हुनाले नेपाली पाठकलाई धेरै लाभ पुगेको छ। नेपाली अनुवाद साहित्यको क्षेत्रमा सुनिता दाहालको तिरूक्कुरलको अनुवाद उल्लेखयोग्य छ। यसमा पद्यानुवाद र गद्यानुवाद विभिन्न स्तरमा उच्चकोटीको भएको मान्न सकिन्छ। यसमा भावगत गहिराई, शिल्पगत चमत्कारिक र अर्थगत सामञ्जस्यलाई कायम राखेको पाइन्छ। नेपाली पाठकले तिरूक्कुरल ग्रन्थ पढेर मात्र पनि आफ्नो सामाजिक, राजनैतिक, आर्थिक ज्ञान र निपुणता बढाउन सहायक सिद्ध हुन्छ। तिरूक्कुरलको नेपाली अनुवादको कुशलतालाई मूल्याङ्कन गर्दै भारत सरकारले उत्कृष्ट अनुवाद पुरस्कार दिएर सम्मान दिएको हो। यसमा रहेका १३३० वटा कुरलहरूको त्यति नै सङ्ख्यामा सरल नेपालीमा युग्मक रूपमा मुक्त लयमा पद्यानुवाद गरिएको छ।

**सन्दर्भ ग्रन्थ–**


१. सुनिता दाहाल (अनु), तिरूक्कुरल, चेन्नै, सेन्ट्रल इन्टिट्युट अफ क्लासिकल तमिल, इस्वी २०२२ ।

२. डा नगेन्द्र, अनुवादविज्ञान सिद्धान्त एवम् अनुप्रयोग, दिल्ली, हिन्दी माध्यम कार्यान्वयन निर्देशालय, इस्वी १९९३ ।

३. डा. राजकुमारी दाहाल, अनुवाद सिद्धान्त, सिलगडी, प्रतिमा प्रकाशन, इस्वी २०१३ ।

४. बलराम अधिकारी, अनुवाद सिद्धान्त, काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान, सं. २०७७ ।

५. (www.wikipaedia, मुक्त ज्ञानकोश विकिपीडियाबाट साभार)

६. जयकुमार राई (सम्पा.) प्रतिभा-अनुवाद विशेषाङ्क, विजनबारी, प्रतिभा प्रेरणा परिषद्, २०१९।


**Email : navinpoudyal812@gmail.com**